STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क १०३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ बैशाख १४ गते बुधबार ❑ 27 April 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।–

## कास्कीका पाँचवटै पालिकामा उम्मेदवारी दर्ता

### कास्कीका पालिकामा कुल एक हजार ४९१ उम्मेदवार

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ बैशाख**

आगामी वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनका लागि कास्कीका पाँचवटै पालिकामा उम्मेदवारी दर्ता भएको छ।

उम्मेदवारी दर्ताका लागि आइतबार र सोमबार दुई दिन समय राखिए पनि सोमबार राति मध्यरातसम्म उम्मेदवारी दर्ता गरिएको थियो। भौगोलिकरूपमा देशकै ठूलो महानगरपालिका पोखरामा प्रमुख पदमा २३ जनाको उम्मेदवारी परेको छ। महानगरको प्रमुख पदका लागि उम्मेदवारी दिनेमा पाँच दलीय गठबन्धनका तर्फबाट नेकपा (एकीकृत समाजवादी) का धनराज आचार्य हुनुहुन्छ भने नेकपा (एमाले)का कृष्ण थापा हुनुहुन्छ। अन्य प्रमुखका उम्मेदवारमा साना दलका साथै स्वतन्त्र हुनुहुन्छ। पोखराको उपप्रमुखमा गठबन्धनका तर्फबाट कांग्रेसका कोपिला रानाभाट र एमालेका मञ्जुदेवी गुरुङको उम्मेदवारी परेको छ। कास्कीका अन्य चार गाउँपालिकामध्ये अन्नपूर्ण गाउँपालिकाको अध्यक्षमा कांग्रेसका युवराज कुँवर र एमालेका विष्णु केसीले उम्मेदवारी दिनुभएको छ। उपाध्यक्षमा कांग्रेसका खेमकुमारी गुरुङ र एमालेका चन्द्रा अधिकारीको उम्मेदवारी छ। माछापुच्छ्रेको अध्यक्षमा कांग्रेसका मीनबहादुर गुरुङ र एमालेका विक्रम गुरुङ तथा उपाध्यक्षमा कांग्रेसका सीता अधिकारी र एमालेका सीता तिवारी हुनुहुन्छ। मादीमा अध्यक्षमा गठबन्धनका तर्फबाट कांग्रेसका देवीजङ्ग गुरुङ र एमालेका महेन्द्र गुरुङ प्रतिस्पर्धा गर्दै हुनुहुन्छ भने उपाध्यक्षमा गठबन्धनका तर्फबाट नेकपा (माओवादी केन्द्र)का लालबहादुर गुरुङ र एमालेका कल्पना गुरुङको उम्मेदवारी परेको छ। त्यस्तै रुपा गाउँपालिकामा कांग्रेसका गीमाया गुरुङ र एमालेका नवराज ओझाले उम्मेदवारी दर्ता गराउनुभएको छ। रुपाको उपाध्यक्षमा कांग्रेसका नारायण श्रेष्ठ र एमालेका लालसुब्बा गुरुङको उम्मेदवारी परेको छ। दुई दिनसम्म उम्मेदवारी मनोनयनको समय राखिए पनि दोस्रो दिन राति अबेरसम्म उम्मेदवारी दर्ता गरिएको थियो। यसैगरी कास्की जिल्लाका पाँचवटै पालिकाबाट प्रमुख तथा उपप्रमुखसहित सदस्यमा एक हजार ४९१ को उम्मेदवारी परेको छ।

पाँचवटा स्थानीय तहमध्ये सबैभन्दा बढी पोखरा महानगरपालिकामा ८०६ को उम्मेदवारी छ। महानगर प्रमुखमा २८ जना र उपप्रमुखमा ११ जनाको उम्मेदवारी रहेको जिल्ला निर्वाचन कार्यलय कास्कीले जनाएको छ।

अन्नपूर्ण गाउँपालिकामा २०६ जनाको उम्मेदवारी परेकोमा पालिका अध्यक्षमा ११ जना र उपाध्यक्षमा पाँच जना हुनुहुन्छ। त्यस्तै माछापुच्छ्रे गाउँपालिकामा १८७ जनाको उम्मेदवारी परेकोमा पालिकाको अध्यक्ष र उपाध्यक्षमा छ/छ जना उम्मेदवार हुनुहुन्छ।

मादी गाउँपालिकामा १७५ जनाको उम्मेदवारी रहेकोमा पालिकाको अध्यक्षमा पाँच र उपाध्यक्षमा तीन जनाको उम्मेदवारी परेको छ भने रुपामा ११७ जनाको उम्मेदवारी परेको छ। रुपामा पालिकाको अध्यक्षमा तीन र उपाध्यक्षमा पाँच जनाको उम्मेदवारी परेको कार्यालयले जनाएको छ।

## एक लाख ४१ हजारको मनोनयन दर्ता

**रासस**
**काठमाडौं, १३ बैशाख**

स्थानीय तह सदस्य निर्वाचनका लागि एक लाख ४१ हजार ४६८ जनाको मनोनयन दर्ता भएको छ।

निर्वाचन आयोगले मंगलबार बिहान १०:३० बजे सार्वजनिक गरेको तथ्याङ्कअनुसार प्रदेश नं १ मा २२ हजार १९४, मधेसमा ३६ हजार २७५, बागमतीमा २३ हजार ६५४, गण्डकीमा १२ हजार ३१४, लुम्बिनी २२ हजार ४२१, कर्णालीमा १२ हजार ८४८ र सुदूरपश्चिम प्रदेशमा ११ हजार ७६२ जनाको उम्मेदवारी परेको छ। नगरपालिकाको प्रमुखमा तीन हजार ३१८ र उपप्रमुखमा दुई हजार ३६ को उम्मेदवारी दर्ता भएको छ। गाउँपालिका अध्यक्षमा तीन हजार ३०६, उपाध्यक्षमा दुई हजार ३४३ र वडाध्यक्षमा ३३ हजार १११ को मनोयन दर्ता भएको छ। २४ हजार २८३ महिला सदस्य, २१ हजार ९७९ महिला दलित सदस्य र ५१ हजार ९२ सदस्यको मनोनयन दर्ता भएको छ। सात सय ५३ स्थानीय तहका प्रमुख, उपप्रमुख, अध्यक्ष र उपाध्यक्ष, छ हजार ७४३ वडाध्यक्ष, सोही संख्यामा महिला सदस्य र दलित महिला सदस्य तथा १३ हजार ४८३ सदस्य गरी कुल ३५ हजार २२१ सदस्यका लागि यही वैशाख ३० गते निर्वाचन हुँदैछ।

आइतबार र सोमबार देशभरका स्थानीय तहमा स्थापना भएका निर्वाचन अधिकृतको कार्यालयमा उत्साहपूर्णरूपमा मनोनयन दर्ता भएका थिए। आज उम्मेदवारको विरोधमा उजुरी लिने कार्यतालिका छ। वैशाख १४ र १५ गते मनोयनपत्र जाँच तथा उजुरीमाथि जाँचबुझ र निर्णय दिने, वैशाख १५ गते मनोनयन भएका उम्मेदवारको नामावली प्रकाशन तथा वैशाख १६ गते उम्मेदवारको नाम फिर्ता तथा उम्मेदारको अन्तिम नामावली प्रकाशन गर्ने कार्यतालिका छ। मंगलबार उम्मेदवारको विरोधमा उजुरी लिने कार्यतालिका छ।

## गभर्नरको मुद्दा बिहीबार सुनुवाइ हुने

**रासस**
**काठमाडौं, १३ बैशाख**

सर्वोच्च अदालतमा नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले दायर गरेको रिट निवेदनमा मंगलबार सुनुवाइ नसकिएकाले 'हेर्दाहेर्दै' रहेको छ। अर्को सुनुवाइ बिहीबारका लागि राखिएको छ।

न्यायाधीशहरू सपना प्रधान मल्ल र टङ्कबहादुर मोक्तानको संयुक्त इजलासमा सुनुवाइ प्रारम्भ भए पनि समय अभावका कारण बिहीबारका लागि हेर्दाहेर्दैमा राखिएको हो।

गर्भनर अधिकारीले बिना जानकारी र बिना स्पष्टीकरण आफूमाथि छानबिन गर्ने भनेर समिति गठन गरिएको उल्लेख गर्दै उक्त निर्णय खारेज गर्न आदेश माग गर्दै अधिकारीले वैशाख ४ गते सर्वोच्च अदालतमा रिट दायर गरेका थिए। यसअघि, न्यायाधीश हरिप्रसाद फुयाँलको यही वैशाख ६ गतेको एकल इजलासले जाँचबुझ समिति गठन गर्ने सरकारको निर्णय कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश जारी गरेको थियो। अन्तरिम आदेशलाई निरन्तता दिने वा नदिने भन्ने विषयमा आजका लागि दुवै पक्षलाई छलफलका लागि बोलाएको थियो।

मन्त्रिपरिषद्को गत चैत २५ गते बसेको बैठकले गर्भनर अधिकारीमाथि छानबिन गर्न जाँचबुझ समिति गठन गर्ने निर्णय गरेको थियो। जाँचबुझ समिति गठन भएपछि अधिकारी स्वतः निलम्बनमा पर्नुभएको थियो।

## लागुऔषध प्रयोगकर्तालाई अपराधी नभै बिरामीकोरुपमा हेर

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ बैशाख**

लागुऔषध प्रयोगकर्तालाई अपराधीको रुपमा नभइ बिमारीको रुपमा हेर्नुपर्ने पोखरामा मंगलबार आयोजित कार्यक्रमका वक्ताले जोड दिएका छन्। लागुऔषध प्रयोगकर्ता बिरामी जस्तै रहेकाले उनीहरुलाई सहयोग गरी समाजमा घुलमिल हुने वातावरण सिर्जना गर्न समेत उनीहरुको माग थियो।

रिकभरिङ नेपालले आयोजना गरेको मिडिया क्याम्पेनिङ एण्ड एड्भोकेसी अन ल रिफम विषयक कार्यक्रमका वक्ताले नेपाल ड्रग ऐन, २०३५ समयसापेक्ष बनाउन माग गरे। करिब ४३ वर्षअघि बनेको सो ऐन हालसम्म पनि कार्यान्वयनमा रहेकाले समयसापेक्ष संशोधन हुनुपर्ने उनीहरुको माग छ। नेपालले विश्वका विभिन्नफोरममा लागुऔषधसम्बन्धी सन्धि, सम्झौतामा हस्ताक्षरसहित विभिन्न घोषणापत्र गरे पनि नेपालको ४३ वर्षअघिको ऐन संशोधन नगरेको उनीहरुको भनाइ थियो।

रिकभरिङ नेपालका गण्डकी अध्यक्ष विकास बरुवालले नेपाल सरकारले राष्ट्रिय अन्तर्राष्टिय लागुऔषधसम्बन्धी विभिन्न घोषणापत्रमा हस्ताक्षर गरे पनि देशमा भने पुरानै ऐन कार्यान्वयन रहेको बताए। समयसापेक्ष ऐन संशोधन नहुँदा लागुऔषध प्रयोगकर्तालाई प्रहरी प्रशासनले निर्ममतापूर्वक ज्यादति गरेको उनको भनाइ छ। लागुऔषध प्रयोग गर्नु राम्रो काम हैन तर प्रयोग गर्नेहरुलाई समाजले राम्रो नजरले हेरी समाजमा घुलमिल हुने वातावरण सिर्जना गरी सामान्य जीवनमा फर्काउन सहयोग पुग्ने गरी कानुन बनाउन उनको माग थियो। यसका लागि आफूहरुको जस्तै विभिन्न संघसंस्था सरकारलाई सहयोग गर्न तयार रहेको भन्दै कुनै पनि ऐन कानुन बनाउँदा सरोकारवालालाई समेत सहभागी गराउन उनको आग्रह थियो। समाजमा हाल गाँजा र रक्सीलाई सामान्यरुपमा लिने गरिएका कारण धेरै समस्या आएको भनाइ समेत उनको थियो। गाँजा र रक्सी लगातार एक महिना सेवन गर्नेको निर्णय क्षमतामा ह्रास आउने उनको भनाइ थियो। हामी कुनै पनि कुरालाई सुरुमा सामान्य रुपमा लिन्छौं, जब गम्भीर अवस्थामा पुग्दै तब मात्र उपचारको खोजीमा लाग्ने गरेको भन्दै उनले गम्भीर अवस्थामा पुग्ने वातावरण सुजना हुन नदिन सबै सचेत हुन आवश्यक रहेकोमा जोड दिए। रिकभरिङ नेपालका कार्यक्रम संयोजक देवेन्द्र गुरुङले नेपालमा प्रत्येक वर्ष ११.३६ प्रतिशतका दरले लागु औषध प्रयोगकर्ताको संख्या बढ्दै गएको जानकारी दिए। ०६३ सालमा ४६ हजार, ६९ सालमा ९१ हजार र ०७६ सालमा लागु औषध प्रयोगकर्ताको संख्या एक लाख ३० हजार पुगेको उनको भनाइ थियो। जसमा गाँजाजन्य लागुऔषध प्रयोग गर्नेको संख्या ८४ प्रतिशत रहेको बताए। लागुऔषध प्रयोगकर्तालाई दण्डको रुपमा काराबास सजायको विकल्पमा सुधारगृहमा राख्नुपर्ने माग उनको छ। कम्युनिटी सपोर्ट ग्रुप (सिएसजी) का कार्यक्रम अधिकृत सन्तोष गुरुङले लागुऔषध प्रयोगकर्ताहरु भनेका आज प्रयोग

बाँकी अन्तिम पृष्ठमा ▶▶

## हिमाल आरोहणका लागि ८७६ जनालाई अनुमति

**रासस**
**काठमाडौं, १३ बैशाख**

यस वर्षको वसन्त यामको सगरमाथासहितका हिमाल तथा विभिन्न पर्वत आरोहणका लागि १०९ आरोही समूहका ८७६ स्वदेशी तथा विदेशी आरोहीले 'एक्सिपीडिसन पर्मिट' आरोहण अनुमति पाएका छन्।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन विभागका अनुसार सर्वोच्च शिखर सगरमाथासहितका विभिन्न २५ हिमाल तथा चुली आरोहणका लागि धमाधम आरोही पर्मिट लिएर गन्तव्यतिर निस्किएका हुन्। विभागको पर्वतारोहण शाखाबाट जारी भएको एक्सिपीडिसन पर्मिटमा सबैभन्दा धेरै सगरमाथा (८८४८.८६ मि) आरोहणका लागि मात्रै ३८ आरोही समूहका ३०२ आरोहीले अनुमति लिएका छन्। त्यस्तै, अमादब्लम (६८१४ मि) आरोहणका लागि नौ

बाँकी अन्तिम पृष्ठमा ▶▶

## कास्कीका निर्माण व्यवसायीको जिल्ला प्रशासनमा घेराउ

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ बैशाख**



नेपाल निर्माण व्यवसायी महासंघको आन्दोलनको पूर्व निर्धारित कार्यक्रम अनुसार कास्की जिल्लाका निर्माण व्यवसायीहरुले गण्डकी प्रदेश प्रमुख र जिल्ला प्रशासन कार्यालयमा एक घण्टा धर्ना दिएका छन्।

महासंघका केन्द्रिय सदस्य शुरेस श्रेष्ठको नेतृत्वमा निर्माण व्यवसायीहरुले जिल्ला प्रशासन कार्यालयको गेट अगाडी एक घण्टा धर्ना दिएका हुन। विभिन्न माग राख्दै आन्दोलनमा उत्रिएको नेपाल निर्माण व्यवसायी महासंघले दवाव मुलक कार्यक्रम गरिहेको छ। जिल्ला प्रशासन कार्यालय कास्कीको गेटसँगै उनीहरुले प्रदेश प्रमुखको कार्यालय अगाडि समेत विहान ११ देखि १२ बजेसम्म धर्ना दिएका हुन। धर्नामा सहभागीहरूले निर्माण सामाग्रीमा भएको अत्यधिक मुल्यवृद्धि नियन्त्रण गर्नुपर्ने, निर्माण उद्योगमैत्री कानुन जारी गर्नुपर्ने, बीमा निर्देशिका खारेज हुनुपर्ने लगायतका प्यलेकार्ड बोकेका थिए। धर्ना कार्यक्रमलाई सम्बोधन गर्दै महासंघका केन्द्रिय सदस्य सुरेश श्रेष्ठले व्यवसायीहरूका मागका विषयमा प्रधानमन्त्री, मन्त्रीहरु, मुख्य सचिव, सचिवहरु लगायतलाई समयमा नै अवगत गराइए पनि सम्बोधन नभएकाले बाध्य भएर आन्दोलन गर्नु परेको बताए। महासंघका गण्डकी प्रदेश अध्यक्ष टंकराज बरालले निर्माण सामाग्रीमा भएको अत्याधिक मूल्यबृद्धिको सम्वोधन नभई सामान्य अवस्थामा नआइन्जेल कन्स्ट्रक्सन होलिडे मानिने बताए। महासंघका कास्की जिल्ला अध्यक्ष लिलकाजी गुरुङ्गले निर्माण सामाग्रीको मुल्यबृद्धिले व्यवसायीहरु घरको न घाटको हुने अवस्थामा पुगेको उल्लेख गरे। निर्माण सामाग्रीहरुमा भएको अत्यधिक मूल्यवृद्धिको सम्बोधन नभएसम्म वा मूल्यवृद्धि नियन्त्रण भई सामान्य अवस्था नभएसम्मको अवधिलाई वैशाख ११ गतेदेखि लागु हुने गरी कन्स्ट्रक्शन होलिडे मानिने कास्कीका सहकोषाध्यक्ष ध्रुववावु भट्टराईले बताए। कन्स्ट्रक्शन होलिडे को अवधिमा पनि अत्यावश्यक निर्माण कार्यलाई भने नरोकिने भट्टराईले बताए। अप्रत्यासित रुपमा मूल्य वृद्धि हुँदा मूल्यवृद्धिलाई सम्बोधन गर्न २०६५ सालमा पनि मूल्य समायोजन मार्गदर्शन-नम्बर १ जारी गरी निर्माणकार्य सुचारु गरेको नजिर भएको र सोही नजिर अनुसार यस पटक पनि मूल्य समायोजन मार्गदर्शन- नम्बर २ जारी हुनुपर्ने माग महासंघले अघि सारेको छ।



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१–५७०६५१



वडा नं १३ का किरण घरदैलोमाः पोखरा महानगरपालिका वडा नं १३ मा वडा अध्यक्षमा उठेका किरण वराल आफ्ना चार सदस्यसँग घरदैलोमा । वरालको साथमा क्रमश महिला सदस्यमा सुचित तमाङ्ग, दलित सदस्य रजनी परियार, खुला सदस्यद्धय सरीफ अलिमियाँ र बल वहादुर बराल पनि घरदैलोमा हिडेका छन् ।

# पोखरा १२ मा कांग्रेस उम्मेदवारलाई विजय गराउन महिला संघ,तरुण दल तथा नेविसंघ गठन

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ बैशाख**

नेपाली कांग्रेस पोखरा महानगरपालिका वडा नम्बर १२ ले स्थानिय तहको निर्वाचनलाई लक्षित गरी वडामा नेपाल महिला संघ, तरुण दल तथा नेपाल विद्यार्थी संघ गठन गरेको छ । साजन कोइरालाको अध्यक्षतामा ५१ सदस्य तरुण दल ईन्दीरा भण्डारी कोइरालाको अध्यक्षतामा ३३ सदस्य नेपाल महिला संघ तथा सन्तोष सिग्देलको अध्यक्षतामा २१ सदस्य नेपाल विद्यार्थी संघ गठन गरीएको छ । कार्यक्रममा वडा अध्यक्षका उम्मेदवार सन्तोष बास्तोलाले पोखरा १२ मा आफुले चुनाव जित्ने आधारहरु भनेको नै तरुण, विद्यार्थी तथा महिलाहरुको आफुहरुलाई



साथ अनि सयोग रहेको हुदा कांग्रेसको यो टिम विजयी हुने कुरामा आफु ढुक्क रहेको बताए । बास्तोलाले निर्वाचनका क्रममा गरेका प्रतिबद्धता पूरा गरी छाड्ने र 'निर्वाचनमा बोलिने र निर्वाचनपछि गरिने व्यवहारमा कांग्रेस १२ बाट र हामी उम्मेदवारबाट फरक नहुने बताउदै उनले भने, 'हजुरहरुलाई गलत आश्वासन दिन्नौं तर बोलेका र प्रतिबद्धता गरेका वाचा पूरा गरी छाड्छौं ।'

नेपाली कांग्रेस पोखरा १२ ले वडा अध्यक्षमा सन्तोष बास्तोला, वडा सदस्यमा शान्त बहादुर थापा, गोविन्द प्रसाद सिग्देल, शान्ति कोइरला र गोमादेवी परियारलाई उम्मेदवार बनाउको छ ।

# पुम्दीकोटको महायज्ञमा ३ करोड ५२ लाख संकलन

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ बैशाख**

पर्यटकीय स्थल पोखरा २२ को पुम्दीकोटमा १० दिन संचालन भएको महायज्ञमा ३ करोड ५२ लाख रुपैया संकलन भएको छ ।

पुम्दीकोट कोट विकास समितिको आयोजनामा शिव महापुराण एवं धार्मिक पर्यटन महोत्सव अन्र्तगत मंगलबारसम्म संचालन भएको उक्त महायज्ञबाट सो रकम संकलन भएको महायज्ञका आर्थिक उपसमिति सह-संयोजक निर्मल बरालले बताए । महायज्ञको दशौं दिन मंगलबार मात्र करिब १५ लाख १९ हजार रुपैया संकलन भएको बरालले बताए । महायज्ञमा पोखरा १७ विरौटाका बिजय अधिकारी र तुलसी अधिकारीबाट १ लाख ८ हजार १ सय ८, पोखराका सनतकुमार श्रेष्ठबाट १ लाख १ हजार १ सय ११, पोखरा २२ लप्सिवोटका सौरवी पौडेल (सुर्य) बाट १



लाख १ सय ८, स्थानिय ढोरनाथ बरालबाट १ लाख रुपैया सहयोग प्राप्त भएको समितिले जनाएको छ । त्यसै गरी कालावाङ घरेडी पोखरा तमु समाजबाट ५७ हजार ७ सय ५५, पोखरा ६ बैदाम निवासी डा.सुवास बराल र राजु बरालबाट ५५ हजार ५ सय ५५, पोखरा ८ सिमलचौरका कृष्ण भुजेल र किरण भुजेलबाट ५५ हजार ५ सय ५५, पोखरा १७ निवासी दुर्गा पगेनीबाट ५१ हजार, अन्नपूर्ण ३ का कुशुम कुमार पौडेलबाट ५० हजार रुपैया महायज्ञको अन्तिम दिनमा सहयोग प्राप्त भएको आर्थिक उपसमिति सदस्य भवनराज बरालले बताए ।

वैशाख ४ देखि १२ गतेसम्म संचालन हुने भनिएको महायज्ञ दाताहरुको माग अनुसार एक दिन थप गरी १० दिनसम्म संचालन गरिएको समितिले जनाएको छ । महायज्ञको औपचारिक रुपमा समापन गर्दै समितिका अध्यक्ष चन्द्रकान्त बरालले महायज्ञ सफल पार्न सहयोग गर्नुहुने सम्पूर्ण दाता, स्थानिय, समितिका पदाधिकारी, शुभेच्छुक तथा मित्रजन तथा विभिन्न आमा समुह, क्लव सहितका विभिन्न संघ संस्थाहरुमा हार्दिक धन्यवाद ज्ञापन गरेका छन्। सौहार्दपूर्ण रुपमा महायज्ञ सम्पन्न भएसँगै अब बिशाल महादेवको मुर्ति निर्माण अभियान पुनः तिव्र गतिमा अघि बढाउने आफुहरुको योजना रहेको अध्यक्ष बरालले बताए । बिशाल महादेवका अपुरा कार्य पूरा गर्न महायज्ञले थप बल पुगेको उनले जनाए ।

महायज्ञमा मुख्य बाचकको रुपमा भागवत भाष्कर युवा पण्डित कमलनयन गौतम रहेका थिए । दोश्रो पटक आयोजना गरिएको महायज्ञमा पनि दाता र शिवका भक्तहरुको उत्साहजनक रुपमा सहभागिता रहेको आर्थिक उपसमिति संयोजक डिल्लीराम बरालले बताए । दोश्रो महायज्ञबाट प्राप्त सहयोगलाई पारदर्शी ढंगले आवश्यक पर्ने भौतिक पुर्वाधार निर्माणमा आफुहरुले जोड दिने उपाध्यक्ष हिमलाल बरालले बताए ।

## लागुऔषध...

गर्छन् तर भोलि समाजमा अभियन्ता बनेर आएका धैरै उदाहरण रहेकाले उनीहरुलाई प्रहरीले ठूलो अपराधीको रुपमा नभै सामान्य जीवनमा फर्किने वातावरण सिर्जना गर्न आवश्यक रहेकोमा जोड दिए । राष्ट्रिय एचआइभी महासंघका केन्द्रीय सदस्य समेत रहेका पूर्व लागुऔषध प्रयोगकर्ता एवं एचआइभी संक्रमित मनोज गुरुङले लागुपदार्थ प्रयोगकर्ताको संख्या शून्यमा कहिल्यै नभर्ने दाबी गरे । प्रयोगकर्ताको संख्या घट्दै जानुको साटो स्थान्तरण भएर आएको भन्दै हिजो गाँजा थियो आज सुईमार्फत प्रयोग गर्नेहरु रहेको बताए । उनीहरुलाई राज्यले उचित व्यवस्थापन गदै संख्या न्युनिकरण गर्नेतर्फ ध्यान दिन आवश्यक रहेको बताए । गोरेटो नेपालका अध्यक्ष विमला गुरुङले हाल रक्सी र गाँजा सेवन गर्ने महिलाहरुको संख्या बढेको जानकारी दिइन् । घरमा सौतेनी आमा, आमाले सानोमा छाडेर गएका र सानै घर छाडेर आएकाहरु बढी मात्रामा रक्सी र गाँजासेवनसँगै यौनकर्ममा लागेको उनले बताइन् । नौलो बिहानीका रजनी खड्काले रोजगारी नपाएका कारण यौनकर्मीहरुको संख्या बढ्दै गएको बताइन् । हिंसाका कारण समेत यौनकर्मीहरुको संख्या बढेकाले जबसम्म समाजलाई हिंसा मुक्त र स्वस्थ समाज निर्माण हुँदैन, तबसम्म यौनकर्मीको संख्या नघट्ने उनको भनाइ थियो ।

## हिमाल...

समूहका ९७ ले अनुमति पाएका छन् । कञ्चनजङ्घा (८५८६ मि) आरोहणका लागि समाज सात समूहले अनुमति लिएको छ । अन्नपूर्ण (८०९१ मि) र नुप्से आरोहणका लागि समान चार समूहले अनुमति पाएको छ । मकालु (८,४६३ मि) मा चार, धौलागिरी (८१६७ मि) का लागि दुई र ल्होत्से (८५१६ मि) मा एक आरोही समूहले आरोहण अनुमति लिएका छन् ।

त्यसैगरी नुप्से आरोहणका लागि सात, हिमलुङ्ग चुलीका लागि चार, थापा पिकका लागि चार समूहले आरोहण अनुमति लिएको विभागको पर्वतारोहण शाखाले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । ती हिमाल तथा पिक आरोहणबाट ४४ करोड ८० लाख ९४ हजार रोयल्टी जम्मा भएको पनि विभागले जनाएको छ ।

# नेकपा एमाले पोखरा १० मा ५ सय १ सदस्यीय निर्वाचन परिचालन कमिटि

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ बैशाख**

नेकपा एमाले पोखरा महानगरपालिका वडा नम्बर १० ले स्थानिय तहको निर्वाचनलाई लक्षित गरी ५ सय १ सदस्यीय निर्वाचन परिचालन कमिटि गठन गरेको छ । नेकपा एमाले पोखरा महानगरपालिका वडा नम्बर १० का अध्यक्ष सूर्य बहादुर बानिया मुल समिति संयोजक रहनेगरी उक्त कमिटि गठन गरिएको हो ।

कमिटिको सह संयोजकमा सीता तिमिल्सिना, प्रचार प्रसार संयोजकमा कमिटिका सचिव राजु श्रेष्ठ संयोजक रहेका छन । प्रचार प्रसार समितिको सदसस्यहरुमा खगेन्द्र क्षेत्री, पूर्ण कुमार श्रेष्ठ, गुरु प्रसाद ज्ञवाली, गिता राना मगर र तुलसीराम सुवेदी रहेका छन । त्यसैगरी आर्थिक समिति संयोजकमा कमल बहादुर बस्नेतलाई चयन गरिएको छभने सदस्यहरुमा राम बहादुर केसी, निश्चल पोखेल, सन्तोष सिग्देल, लोकेन्द्र राई, सनम गुरुङ, पुतलीदेवी गुरुङ, नारायण अधिकारी, परशुराम पौडेल, विष्णु वराल र प्रकाश ज्ञवालीलाई चयन गरिएको छ । त्यसैगरी संघसंस्था समन्वय समितिको संयोजकमा बालाकृष्ण शर्मा र सह संयोजकमा लिलाधर अधिकारी चयन भएका छनभने सदस्यहरुमा चन्द्र किशोर गौतम, लज्जावती दुरा, सीता कुमारी भुषाल, मणिराज परियार, गौ प्रसाद गुरुङ, बिजय कार्की, र राम घिमिरे चयन भएका छन । महिला परिचालन समिति संयोजकमा जानकी अधिकारीलाई चयन गरिएको छभने उक्त समितिको सदस्हरुमा कृष्ण कुमारी गुरुङ अधिकारी, तारा सापकोटा, शुसिला खत्री, सीता चापागाई, राजकुमारी गुरुङ, सविता गिरी, चांदनी हमाल, सपना गुरुङ, मिना गिरी, बन्दना गुरुङ र धनप्यारी गुरुङ रहेका छन । खाना, खाजा समितिको संयोजकमा गणेश बहादुर खड्कालाई चयन गरिएको छ । उक्त समितिको सदस्यहरुमा खडक बहादुर भुजेल र कमल बहादुर कार्की चयन भएका छन । युवा परिचालन समितिको ईन्चार्जमा धनबहादुर पुनलाई चयन गरिएको छनभने संयोजकमा सन्तोष कार्की र सह संयोजकमा शंकर नेपाली चयन भएका छन । युवा परिचालन समितिको सदस्यहरुमा अनुज सुवेदी, आयुषा बखेल र विनायक सुवेदी चयन भएका छन ।

त्यसैगरी स्वास्थ्य समिति संयोजकमा नरहरी पनेरु चयन भएका छन । समितिको सदस्यहरुमा रुद्र बहादुर कार्की र कालीदास सुवेदी रहेका छन । कार्यालय ब्यवस्थापन समितिको संयोजकमा सुक बहादुर गुरुङ र सह संयोजकमा पूर्ण प्रसाद तिमिल्सिनालाई चयन गरिएको छ । समितिको सदस्यहरुमा अर्जुन तिमिल्सिना, र कृष्ण थापा रहेका छन । सांस्कृतिक समिति संयोजकमा कृष्ण गुरुङ अधिकारी लाई चयन गरिएको छनभने सदस्यहरुमा राममाया थापा, राजकुमारी गुरुङ, रत्ना श्रेष्ठ र पुजा गिरीलाई चयन गरिएको छ । त्यसैगरी सल्लाकहकार समितिको संयोजकमा राम बहादुर थापा मगर र सह संयोजकमा गंगा कुंवर चयन भएका छनभने सदस्यरुमा हिमालय बखेल, एमबी आस्था मगर, रिम बहादुर क्षेत्री, कृष्ण तिमिल्सिना, तोयनाथ गौतम र अग्नीधर तिमिल्सिना रहेका छन ।

त्यसैगरी बुद्धिजिवी सर्कलमा प्राध्यापक डाक्टर कृष्ण केसीलाई संयोजकमा चयन गरिएको छनभने उक्त समितिको सचिवमा जे एन शर्मा चापागाई, उपसचिवमा तोयनाथ लामिछानलाई चयन गरिएको छनभने सदस्यहरुमा भरतमणी भट्टराई, गुरु प्रसाद ज्ञवाली, सूर्य मोहन ढकाल, मणि परियार, राजेन्द्र पौडेल, हरिश्चन्द्र सापकोटा, मन कुमारी शर्मा, लोकमाया पुन, ज्ञान बहादुर थापा, योगेन्द्र बस्नेत, अर्जुन प्रसाद सापकोटा, अमृत पौडेल, बलराम गिरी, इन्जीनियर देउकाजी गुरुङ, सम्भना अधिकारी, पूर्ण प्रसाद तिमिल्सिना, सिद्धि बहादुर कार्की र रामजी प्रसाद सुवेदी चयन भएका छन ।

पोखरा १० बाट नेकपा एमालेबाट अध्यक्षमा पवित्रा देवी गुरुङ, सदस्यहरुमा सदस्यहरुमा कुमार थिङ तामाङ, सीमा गुरुङ, शान्ति सुवेदी र दलित महिला सदस्यमा शान्ती परियार उमेदवार रहेका छन ।


## कर्मचारी आवश्यकता

**पोखरा महानगर वडा नं. ४ गैह्रापाटन स्थित G Six Venture Pvt. Ltd. मा तपसिल बमोजिम कर्मचारी आवश्यकता परेको हुनाले इच्छुक योग्यता पुगेका व्यक्तिहरुले मिति २०७९/०१/१६ गतेभित्र तल उल्लेखित e-mail मा आफ्नो व्यक्तिगत विवरण सहित निवेदन पेश गर्नुहोला ।**

| पद | संख्या | न्यूनतम योग्यता |
|---|---|---|
| Pharmacist (License भएको) | केही | B Pharm/ D Pharm |
| व्यवस्थापक | १ | कुनै विषयमा स्नातक गरेको |

**नोटः सेवा सुविधा आपसी समझदारीमा तय गरिने छ । दुवै पदमा एक वर्ष कार्य अनुभव हुनुपर्ने छ ।**
**सम्पर्कः**
**९८६०३९४४६८**
g.sixventure77@ gmail.com
srj.krl@gmail.com/ kisan199@gmail.com.

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समयः** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सूक्तिसुधा**

गरिबी अपराधको जन्मदाता हो । - मार्कस औरिलिअस्

## सम्पादकीय

# महिलाको अधिकार कटौती नगर

संविधानले दिएको अधिकार कानुनले सुनिश्चित गर्नुपर्नेमा कानुनी छिद्र खोजेर कटौती गरिएको छानिर्वाचन आयोगले जारी गरेको आचारसंहिता संशोधन गरेर महिलाको प्रतिनिधित्व घटेको छादलहरूले गठबन्धनका नाममा धेरै ठाउँमा दुवै पदमा पुरुषै पुरुष उम्मेदवार उठाएका छन् । त्यसमाथि गठबन्धनलाई 'सहज हुने गरी' उम्मेदवारी दिएको चुनाव चिह्न मात्रै राखेर ६ महानगरपालिका र भक्तपुर जिल्लाको मतपत्र छपाइ गर्ने भएको छ । 'निर्वाचन कार्यक्रम सञ्चालनपश्चात् के कति उम्मेदवारको मनोनयन दर्ता हुन्छ, सोको आधारमा मतपत्रको डिजाइन गर्ने गरी ६ वटा महानगरपालिका र भक्तपुर जिल्लाको मतपत्र छपाइ कार्य बाँकी नै राखिएको छ', । निर्वाचन आयोगले प्रेस विज्ञप्तिमार्फत छ महानगरपालिका र भक्तपुरको मतपत्र पछि छाप्ने स्पष्ट पारेको छ ।

गठबन्धनका नाममा कानुनको बर्खिलाप भएको छ । गठबन्धनको सुविधाका लागि मतपत्र नै मिलाउनु जायज होइन । यो संविधानकै मर्मविपरीत हो । संविधानको धारा ३८(४) ले राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक सुनिश्चित गरेको छ । त्यस्तै धारा ४२ (१) ले पनि सामाजिक न्यायका रूपमा महिलालाई समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक दिएको छ । 'गठबन्धनलाई महिला उम्मेदवारका सम्बन्धमा किन यति धेरै कृत्रिम विवाद ? कुरा समानुपातिक समावेशीताकै हो,'। 'यति नै प्रशस्त छ, अरू कानुन किन चाहियो ? संविधानमा भएको व्यवस्थालाई अरू ऐन कानुनले पुष्टि गरिराख्नु पर्दैन ।'

चुनाव जितेर पनि शपथ ग्रहण गर्न नपाइने परिस्थिति आउन सक्छ । जबर्जस्ती गरे पनि निर्वाचन आयोगले अन्यथा हुन दिने छैन । कतै कैफियत भइहाले पनि सच्याउने सर्वोच्च अदालत छ'। 'चुनाव जितेर पनि शपथग्रहण गर्न नपाइने परिस्थिति नआओस् भनेर राजनीतिक दलहरू अहिलेनै सचेत हुनु राम्रो । बल गरेर वैधानिकता पाइने होइन ।' यो मनोनयन दर्ताले गठबन्धनका नाममा महिलाको प्रतिनिधित्व घट्ने देखाएको छामहिलाको अर्थपूर्ण सहभागिता सम्भौता गर्ने विषय होइन। 'न्यायालयले मौलिक हक उल्लंघनमा अंकुश लगाउने कामलाई रोक्न सक्नुपर्छ। महिलाको विषयमा सविधान संरक्षणको विषयमा कसैले दायित्व पूरा गरिदिएनन् ।

प्रमुख र उपप्रमुखमा पुरुषकै उम्मेदवारी पर्नु संविधानको बर्खिलाप हो । 'संविधानको स्प्रिटको पालना सबैले गर्नुपर्छ । मौलिकको सबैले सम्मान गर्नुपर्छ'। 'निर्वाचन आयोग संवैधानिक निकाय हो। ऊ संविधानको बर्खिलाप जान सक्दैन ।' पहिला जारी गरेको आचारसंहितामा अडिन नसक्नुको कारण जनतालाई बताउनु पर्छ । गठबन्धनलाई हरेक काममा सघाउनु सरकारको निर्देशन पालना गरेजस्तै हो । संवैधानिक आयोगले संविधान, कानुन र प्रचलित मान्यताको आधारमा चल्ने हो ।नकि सरकारी निर्देशन मान्ने आयोग होइन भनेर सबैलाई बुझाउनुपर्छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : शत्रुको भय |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : व्यापारमा लाभ |
| मिथुन | : मन चञ्चल | धनु | : झमेला बढ्ने |
| कर्कट | : आर्थिक समस्या | मकर | : कार्यमा सफलता |
| सिंह | : मानसिक तनाव | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : शारीरिक झमेला | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# कांग्रेस तनहुँका निवर्तमान सचिवसहित राजीनामा

**पोखरापत्र संवाददाता**
**तनहुँ, १३ बैशाख**

नेपाली कांग्रेस जिल्ला कार्यसमिति तनहुँका निवर्तमान सचिव विश्व बाँस्तोलासहित पाँच जनाले मङ्गलबार पार्टीबाट राजीनामा दिएका छन् ।

पार्टीबाट रुष्ट भएकाले पत्रकार सम्मेलनपश्चात पार्टी सभापति जीतप्रकाश आलेसमक्ष उनीहरूले राजीनामा दिएका हुन् । पत्रकार सम्मेलनमा कांग्रेस निवर्तमान सचिव बाँस्तोलाले पार्टीभन्दा पनि नेताको प्रवृत्तिले कार्यकर्ताहरू रुष्ट बनेपछि राजीनामा दिएको बताउनुभयो । दुई कार्यकाल सचिवको भूमिका निर्वाह गरिसक्नुभएका बाँस्तोलाले पार्टीभित्र दास प्रवृत्ति मौलाउँदै गएपछि पार्टीको साधारण सदस्य नरहने गरी राजीनामा दिनुभएको हो । "पार्टीभित्र देखिएका कमीकमजोरी औँल्याउँदा उल्टै दुश्मनको व्यवहार सहनुपरेकाले राजीनामा दिने योजना बनाएका हौँ", उहाँले भन्नुभयो, "पुनः पार्टीमा फर्किने भन्ने योजना भने रहेको छैन ।" पार्टीभित्र गुट उपगुट मौलाउँदै गएको अवस्थामा त्यसलाई चिर्दै अघि बढ्नुपर्छ भनेर सक्रिय भूमिका खेल्दै आए पनि पार्टीभित्र त्यो सह्य नभएको उहाँले बताउनुभयो ।

कांग्रेस महासमिति सदस्य महेश्वर भट्टराईले पार्टीलाई कमजोर बनाउँदै गएकाले टुलुटुलु हेरर बस्नुभन्दा स्वतन्त्र जीवन बिताउन चाहेकाले राजीनामा दिएको बताउनुभयो । उहाँले शुक्लागण्डकी नगरपालिकाको प्रमुख पदमा स्वतन्त्र तर्फबाट उम्मेद्वारी दिएको पनि सो अवसरमा बताउनुभयो ।

कांग्रेस व्यासनगर समितिका निवर्तमान सचिव चूडामणि दाहालले विपीको सिद्धान्तअनुरूप पार्टी नचलेको र आफ्ना केही आसेपासेलाई मात्रै काखी च्याप्ने प्रवृत्ति बढेकाले स्वतन्त्र भएर बस्ने इच्छाअनुरूप राजीनामा दिइएको बताउनुभयो । व्यास नगरपालिका-३ का पूर्ववडासभापति बाबुराम बगालेले आफूले पार्टीबाट राजीनामा नदिए पनि रुष्ट रहेको बताउनुभयो । पार्टीभित्र धेरै पटक सुझाव राखे पनि बेवास्ता गरिएकाले असन्तुष्ट भएको उहाँले बताउनुभयो । शुक्लागण्डकी नगरपालिकाका नगरसचिव दीपेन्द्र पौडेलले पार्टीमा कुसंस्कारबाट घुसेकोले सहन नसकी स्वतन्त्र उम्मेदवारका रूपमा शुक्ला-१ बाट उम्मेदवारी दिएको बताउनुभयो । सो अवसरमा दीर्घबहादुर थापाले पनि राजीनामा दिएर व्यासनगर-२ बाट वडाध्यक्षमा स्वतन्त्रबाट उम्मेदवारी दर्ता गरिसक्नुभएको छ ।

# मनाङमा २१० जनाको उम्मेदवारी दर्ता

**पोखरापत्र संवाददाता**
**मनाङ, १३ बैशाख**

स्थानीय तह निर्वाचनमा हिमालपारिको जिल्ला मनाङमा २१० जनाले उम्मेदवारी दर्ता गराएका छन् ।

चार गाउँपालिकामा आइतबार र सोमबार गरी कूल २१० जनाले विभिन्न पदका लागि उम्मेदवारी दर्ता गराएका हुन् । डिस्याङ गाउँपालिकामा ७३, चामे गाउँपालिकामा ४२, नार्सो गाउँपालिकामा ६८ र नार्पाभूमि गाउँपालिकामा २७ जनाले उम्मेदवारी दर्ता गराएको मुख्य निर्वाचन अधिकृत पुनाराम खनालले जानकारी दिनुभयो । यस्तै चार गाउँपालिकामा अध्यक्ष पदका लागि नौ जना र उपाध्यक्षमा आठ जनाले उम्मेदवारी दिएका छन् । निर्वाचन कार्यालय मनाङका अनुसार जिल्लामा वडाध्यक्ष पदका लागि ४८, महिला वडा सदस्यमा ४१, दलित सदस्यमा २२ र खुला सदस्य पदमा ८२ जनाले उम्मेदवारी मनोनयन गराएका छन् ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. ०५ झौरीखेत गैरा बाटो मर्मत कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**योजनाको नामः झौरीखेत गैरा बाटो ढलान**
**स्थानः पोखरा-५, कास्की**
**योजना सम्झौता मिति : २०७८/११/२६ गते**
**योजना सुरु मिति: २०७८/११/२७ गते**
**योजना सम्पन्न मिति : २०७९/०१/१० गते**
**योजनाको कुल लागत : रु. ११,८४,९६६/८७**
**वडाबाट विनियोजित रकम : रु. ५,५०,०००/-**
**जन सहभागितावाट : रु.५,५०,०००/-**
**उपभोक्ता समिति अध्यक्षः रोजी तिवारी**
**सचिवः सरस्वती उपाध्याय**
**उपभोक्ता समिति सदस्यः १३ जना**
**पुरुष-५ जना, महिला-८ जना**

**झौरीखेत गैरा बाटो मर्मत आयोजना समिति**
**पोखरा-५, कास्की**

## ट्रान्सक्रिप्ट हराएको सूचना

**म सृष्टी प्रधानको पोखरा नालामुखदेखि महेन्द्रपुल जाने क्रममा निम्न व्यहोराको ट्रान्सक्रिप्ट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय अथवा तलको नम्बरमा सम्पर्क गरिदिनुहोला ।**

Name: Shristy Pradhan
Registration No: 2011-2-03-2640
Transcript No: 44933
Exam Roll No: 12030728
Certificate : BBA
**ठेगानाः नालामुख, पोखरा-३**
**सम्पर्कः ९८१३८०३४२०**


# तनहुँका १० जनप्रतिनिधि पुनः उम्मेदवार

**पोखरापत्र संवाददाता**
**दमौली, १३ बैशाख**

आगामी वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनका लागि सोमबार नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र)लगायतका दलहरूले उम्मेदवारी दर्ता गराएका छन् । उम्मेदवार दुइयाउन सकस भएपछि ठूला दलले सोमबारमात्रै उम्मेदवारी दर्ता गराएका हुन् ।

तनहुँका केही पालिकामा कांग्रेस, एमाले र माओवादी केन्द्रबाट निर्वाचित जनप्रतिनिधिले पुनः टिकट पाउन सफल भएका छन् । नगरपालिकाको प्रमुख, उपप्रमुख तथा गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष भइसकेका जनप्रतिनिधिले पुनः अर्को कार्यकालका लागि पार्टीबाट आधिकारिक टिकट पाउन सफल भएका छन् । ती दलबाट निर्वाचित भएर पालिकाको नेतृत्व गरेका १० जना पुनः उम्मेदवार बनेका छन् । व्यास नगरपालिकाको प्रमुखमा कांग्रेसका बैकुण्ठ न्यौपाने पुनः उम्मेदवार बन्नुभएको छ । विसं २०७४ को निर्वाचनमा उहाँ व्यासको प्रमुखमा निर्वाचित हुनुभएको थियो । व्यासको उपप्रमुखमा निर्वाचित मीरा जोशीले भने यसपटक टिकट पाउनुभएन । व्यासको उपप्रमुखमा कांग्रेसले इन्दिरा दौलाई उम्मेदवार बनाएको छ । देवघाट गाउँपालिकाको अध्यक्षमा नेकपा (एमाले)बाट दुर्गाबहादुर थापा पुनः उम्मेदवार बन्नुभएको छ । गत निर्वाचनमा उहाँ गाउँपालिकाको अध्यक्षमा निर्वाचित हुनुभएको थियो । आँबुखैरेनीको अध्यक्षमा कांग्रेसबाट गिरबहादुर थापा पुनः उम्मेदवार बन्नुभएको छ । गत निर्वाचनमा थापा गाउँपालिकाको अध्यक्षमा निर्वाचित हुनुभएको थियो । गाउँपालिकाका उपाध्यक्ष पुष्पादेवी श्रेष्ठले भने टिकट पाउनुभएन । आँबुखैरेनीको उपाध्यक्षमा कांग्रेसबाट पवित्रा गौलीले उम्मेदवारी दर्ता गर्नुभएको छ । बन्दीपुर गाउँपालिकाको अध्यक्षमा पूर्णसिं थापा र उपाध्यक्षमा करुणा गुरुङ दोहोरिनुभएको छ । उहाँहरू दुवै जना गत निर्वाचनमा निर्वाचित हुनुभएको थियो । म्याग्देको अध्यक्षमा कांग्रेसबाट माया राना र उपाध्यक्षमा बालकृष्ण घिमिरे दोहोरिनुभएको छ । उहाँहरूले पनि गत निर्वाचनमा जित हासिल गर्नुभएको थियो । भिमाद नगरपालिकाको उपप्रमुखमा एमालेबाट शारदा खनाल दोहोरिनुभएको छ । एमालेबाट भिमादको प्रमुखमा निर्वाचित मेखबहादुर थापाले यसपटक टिकट पाउनुभएन । भिमादको प्रमुखमा एमालेले दधिराज सुवेदीलाई उम्मेदवार बनाएको छ। ऋषिङ गाउँपालिकाको अध्यक्षमा कांग्रेसबाट राजेन्द्रकृष्ण श्रेष्ठ र गिनुमाया थापा दोहोरिनुभएको छ।

# देवललगायत पुरातात्विक सम्पदा ओझेलमा

**रासस**
**गलेश्वर, १३ बैशाख**

तत्कालीन पर्वत राज्यको सदरमुकाम रहेको म्याग्दीका बेनीबजार, पुलाचौर, ढोलठान, डढेकोट ताकम र ज्यामरुककोटमा रहेको ऐतिहासिक देवल र पुरातात्विक सम्पदा संरक्षण र प्रचारप्रसारको अभावमा ओझेलमा परेका छन् ।

यहाँ मल्लकालीन समयका ऐतिहासिक सम्पदा र पुरातात्विक तथा शिखरशैलीका देवल,मठ मन्दिर, कुवा, धारा, ओखल आदि सम्पदा प्रचारप्रसार र संरक्षण नहुँदा ओझेलमा पर्दै गएका हुन् । बडादसैं, चैतेदसैं, कृष्णजन्माष्टमी, श्रीपञ्चमीलगायत चाडपर्वमा मानिस जम्मा भएर ती सम्पदाबारे चासो राख्ने गरे पनि अधिपछि वास्तै नगर्दा अमूल्य सम्पदा नष्ट हुँदै गएका छन् ।

जिल्लाका विभिन्न ठाउँमा ढुङ्गैढुङ्गाले बनेका शिखर शैलीका थुम्का, देवल र मठ छन् । त्यसैगरी पर्वते मल्लराजा डिम्बबम मल्लले निर्माण गर्न लगाएको ओखल र कुवा पनि संरक्षणको अभावमा पुरिँदै जान थालेका स्थानीयवासीले बताएका छन् । विसं १८४२ मा गोरखा र पाल्पाको संयुक्त फौजले पर्वते सेनालाई पराजित गर्नुअघि पर्वत राज्यको राजधानी ढोलठाना र सहराजधानी बेनीमा रहेको इतिहासकार चन्द्रप्रकाश बानियाँले जानकारी दिनुभयो । चौधौं शताब्दीताका तत्कालीन पर्वत राज्यका एकीकरणकर्ता राजा डिम्बबमद्वारा स्थापित जगन्नाथ मन्दिर धार्मिक एवं पर्यटकीय दृष्टिकोणलेसमेत प्रसिद्ध छ । यो मन्दिर ढोठानदेखि केहीमाथि र डढेकोट दरबारदेखि केही तल केभहिलको नजिकै छ । यहाँ प्रशस्तै ऐतिहासिक सम्पदा रहे पनि संरक्षणको अभावमा ती सम्पदा लोपहुँदै गएका स्थानीयवासी यामबहादुर बानियाँले बताउनुभयो । ढोलठान क्षेत्रको शिरमा रहेको केवहिलबाट मनोरम हिमशृङ्खला नजिकैबाट नियाल्न पाइनु यस क्षेत्रको अर्को आकर्षण हो । यहाँबाट धौलागिरि, निलगिरि, अन्नपूर्णलगायत १४ हिमाल, पर्वत, बागलुङ, स्याङ्जा र कास्कीका ३० भन्दा बढी ग्रामीण क्षेत्रका साथै म्याग्दी जिल्लाका साविकका ३६ गाविस देख्न सकिने स्थानीय बासिन्दा शिव बानियाँले बताउनुभयो । समुद्री सतहदेखि करिब दुई हजार ४०० मिटर उचाइमा रहेको सदरमुकाम बेनी बजारदेखि करिब डेढ/दुई घण्टाको पैदलयात्रापछि पुग्न सकिने ढोलठान प्राकृतिक सुन्दरता र ऐतिहासिक महत्वको हुनाका साथै धार्मिक दृष्टिकोणले समेत प्रमुख आकर्षणको केन्द्र बन्न सक्ने जगन्नाथ मन्दिर व्यवस्थापन समितिका अध्यक्ष रामबहादुर बानियाँको भनाइ थियो ।

उहाँले भन्नुभयो, "ऐतिहासिक, धार्मिक र पर्यटकीय महत्व रहेको यस स्थलको प्रचारप्रसार हुन सके म्याग्दीको मात्र नभइ गण्डकी प्रदेशकै उत्कृष्ट गन्तव्यस्थल बन्न सक्छ ।" ढोलठानको शिरमा पर्ने केभहिलको नजिकै रहेको धार्मिक दृष्टिले पवित्र मानिएको गाजने गाउँमा मादकपदार्थ र मांसाहार निषेधित गरेर नेपालकै उदाहरणीय गाउँ बनेको छ । त्यसैगरी ज्यामरुककोटमा रहेको पाँच सय वर्ष पुरानो राजकुवा पनि संरक्षणको अभावमा पुरिँदै गएको स्थानीयवासी खिमबहादुर कार्कीले बताउनुभयो । विसं २०७६ मा स्थानीयवासीको पहलमा पुनः निर्माण भए गरिएकोकुवा जीर्ण बन्दै गएको छ । स्थानीय सरकार गठन भइसकेपछि त्यस्ता पुरातात्विक सम्पदालाई सूचीकरण गरी संरक्षण र सम्वर्द्धनका लागि गाउँपालिका लागिपरेको बेनी नगरपालिकाका प्रमुख हरिकुमार श्रेष्ठले जानकारी दिनुभयो ।

# दुलेगौंडा कोत्रेखण्डका बासिन्दा भन्छन् : धुलोले आजित भयौँ, कति सहने ?

**रासस**
**तनहुँ, १३ बैशाख**

पृथ्वी राजमार्गअन्तर्गत तनहुँको शुक्लागण्डकी नगरपालिका-२ हलेदीका ठाकुर खनाल घर अगाडि उडेको धुलोले आजित हुनुहुन्छ । गण्डकी प्रदेशको राजधानी पोखरा जोड्ने मुख्य सडकमा दिनदिनै उड्ने धुलोको असर उहाँले शब्दमा बयान गर्न सक्नुहुन्न ।

"दुई वर्ष भयो धुलो खाँदै बस्नुपरेको, धुलोले कति आजित र हैरान भयौ भन्ने कुरा भनिसाध्य छैन", उहाँले भन्नुभयो, "धुलोका कारण कति पटक त बिरामी पनि परियो ।" विगत दुई वर्षदेखि सडक भत्किएर खाल्डाखुल्डी हुँदा दुर्घटनामा धेरैले ज्यानसमेत गुमाएको उहाँले उल्लेख गर्नुभयो । घाम लाग्दा धुलो, पानी पर्दा हिलोको समस्यामा यहाँका सर्वसाधारणले वर्षौंदेखि सास्ती खेप्दै आएको खनालले बताउनुभयो ।

"यो समस्या समाधानका लागि धेरैपटक सम्बन्धित निकाय गुहार्यौं, तर कहीँबाट पनि समाधान भएन", उहाँले भन्नुभयो, "हैरान भइसक्यौं ।" शुक्लागण्डकी नगरपालिका-२ हलेदीका शङ्कर पन्तले दुई वर्षदेखि धुलाम्य बाटोले यस ठाउँका स्थानीयवासीले हैरानी बेहोरेको बताउनुभयो । "यसको समस्या समाधानका लागि पटक-पटक ध्यानाकर्षण गरायौं, विगतमा सडक डिभिजन प्रमुखलाई कार्यालयमा पनि थुन्यौं, तर काम भएन", उहाँले भन्नुभयो, "विगत सडक टालटुल भयो, समस्या जहाँको तहीँ रह्यो ।"

सडक मर्मत गर्ने आश्वासन धेरै पाए पनि काम नभएको उहाँले गुनासो गर्नुभयो । "यो बाटो बनाइदिने कसले हो ? हामी त दिक्दार भयौं, मन्त्री, मुख्यमन्त्री पनि दिनदिनै यही बाटोबाट आवतजावत गर्छन्, तर सुनुवाइ कहिल्यै भएन", उहाँले भन्नुभयो, "धुलोले गर्दा बाँच्न नसक्ने अवस्था भइसक्यो ।" उहाँले नागरिकलाई बचाउने सरकारको दायित्व भएकाले गम्भीर भएर स्थानीयवासीको जीवन बचाइदिन आग्रह गर्नुभयो ।

शुक्लागण्डकी नागरिक समाजका संयोजक खेमराज खनालले पटक पटक सम्बन्धित निकायमा डेलिगेशन गए पनि सडकको समस्या समाधान नभएको बताउनुभयो । "सडक ग्रेडिङ गरेर नियमित पानी हालिदिए धुलो मर्थ्यो, केही सहज हुन्थ्यो, त्यति काम पनि भएन", उहाँले भन्नुभयो ।

धुलोले आजित भएपछि यहाँका स्थानीयवासीले विगत तीन दिनदेखि आन्दोलन गरिरहेका छन् । उनीहरूले सडकअवरुद्ध गर्दै सम्बन्धित निकायको ध्यानाकर्षण गराइरहेका छन् । माग पूरा नभएसम्म सडक बन्द निरन्तर रहने सङ्घर्ष समितिले जनाएको छ । प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्यालले मुग्लिङ पोखरा सडक विस्तारका लागि यो खण्ड हस्तान्तरण भइसकेकाले सडक डिभिजनले केही गर्न नसकेको बताएको बताउनुभयो । यो सडकखण्डको समस्या समाधानका लागि आफूले पनि विगतदेखि पहल गर्दै आइरहेको भन्दै प्रजिअ अर्यालले भन्नुभयो, "सम्बन्धित निकायमा ध्यानाकर्षण गराइरहेको छु, मुख्यमन्त्रीलाई पनि यसबारेमा जानकारी गराएको छु, प्रक्रियागत रुपमा काम गर्दा ढिलाइ भएको हो ।"

